CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #१०२

०६।०१।२०७८

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## स्वास्थ्य, जनसंख्या तथा वातावरण मन्त्रालयले कोभिड - १९ प्रतिकार्यका लागि वितरण गरेको कुल रकम र खर्च

| | वितरण गरिएको रकम | खर्च |
|---|---|---|
| प्रदेश १ | रु. १८,२०,८३,००० | रु. १६,२०,६२,००० |
| प्रदेश २ | रु. ६,७६,४७,००० | रु. ४,१३,४३,००० |
| बागमती प्रदेश | रु. २,९७,९९,१४,००० | रु. १,९२,५७,४६,००० |
| गण्डकी प्रदेश | रु. १०,००,००० | रु. १०,००,००० |
| लुम्बिनी प्रदेश | रु. ४,५४,९०,००० | रु. १,०४,२०,००० |
| कर्णाली प्रदेश | रु.३,५९,६०,००० | रु. ९९,६०,००० |
| सुदूरपश्चिम प्रदेश | रु. ४,७१,४२,००० | रु. २,१३,३७,००० |
| जम्मा | रु. ३,३५,९२,३६,००० | रु. २,१७,१८,६८,००० |

*नोटः विस्तृत विवरण तलको लिंकमा हेर्न सकिनेछ ।*

स्रोतः https://drive.google.com/file/d/1KiWMP9oKCI1Cfj4VLgiUZk3QhJdnwRkP/view

## नेपाल अपडेट



बाँकेको नरैनापुरमा एक हप्ता अगाडी लागेको आगलागी पछिको दृष्य यहाँ १२७ घर आगलागी बाट जलेका थिए ।

तस्विरः : लोक बहादुर घर्ती मगर

### परिक्षण

पिसिआर परिक्षणः २३,५२,५०२

पोजेटिभः २,८५,९००

उपचाररतः ७२५४

मृत्यु : ३,०९१

सन्चो भएका : २,७५,५५५




Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



पहिलो मात्रा खोप लगाएकाले दोस्रो मात्रा खोप लगाउन पाउँदैछन रे । क-कसले कहिले देखी पाउने हो ?

२०७७ साल माघ १४ गते देखी फागुन १० गते सम्म खोपको पहिलो मात्रा लगाएका स्वास्थ्यकर्मी, सामुदायिक स्वास्थ्य स्वयंसेविका, एम्बुलेन्स चालक तथा सहचालक, शव व्यवस्थापनमा खटिएका सुरक्षाकर्मी, सबै सरकारी कार्यालय, संघसंस्था र बैंकका कर्मचारीहरु, पत्रकार, स्थानीय तहमा खटिएका सुरक्षाकर्मीहरु, निर्वाचित जनप्रतिनिधी र सिमा सुरक्षा पोष्टमा खटिएका सुरक्षाकर्मीहरु, कुटनैतिक नियोगका कर्मचारीलाई दोस्रो मात्रा खोप लगाईदैछ । बैशाख ७ देखी ११ गते सम्म देशै भरीका खोप केन्द्रबाट कोभिड - १९ को दोस्रो मात्राको खोप अभियान सञ्चालन हुँदैछ । खोप लगाउन जाँदा आफ्नो खोप कार्ड र आफ्नो कार्यालयको परिचय खुल्ने परिचयपत्र वा सो नभएमा सरकारी परिचयपत्र साथै लिएर जानुपर्ने छ ।

स्रोत: https://cutt.ly/ivEoRW5



फेरी निजी अस्पतालले कोरोनाका बिरामीबाट धेरै शुल्क असुली गर्दैछन रे । सरकारले कुनै शुल्क सिमा तोकेको छैन ?

सरकारले निजी प्रयोगशाला तथा अस्पतालहरुको लागि कोभिड - १९ को परीक्षण तथा उपचार शुल्क सिमा तोकेको छ । जस अनुसार, पीसीआर परीक्षणका लागि दुई हजार रुपैयाँ नबढ्ने गरी तोकेको छ । त्यसै गरेर, संक्रमणको जटिलताका आधारमा औषधी बाहेक दैनिक कोरोनाका सामान्य बिरामीलाई ३५ सय रुपैयाँ, मध्यमलाई ७ हजार रुपैयाँ र जटिल प्रकारका बिरामीको उपचारको लागि १५ हजारमा ५०% थप नबढ्ने गरी शुल्क लिन सक्ने मापदण्ड तयार गरेको छ ।

स्रोत: https://cutt.ly/xvEJpC6



वैदेशिक रोजगारीमा जाने व्यक्तिको स्वास्थ्य परीक्षण गर्ने धेरै संस्थाहरु सरकारले खारेज गर्‍यो भन्ने समाचार आईरहेको हुन्छ । स्वास्थ्य परीक्षको अनुमती पाएका स्वास्थ्य संस्थाको कुनै अमधिकारिक सुची छैन ?

यसका लागि श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले हरेक वर्ष पौष मसान्त सम्म त्यस्ता स्वास्थ्य संस्थालाई नविकरण गर्न समय दिन्छ । तोकिएको समय सिमा भित्र नविकरण नगर्ने स्वास्थ्य संस्था खारेजीमा पर्दछन् । त्यस्ता खारेजीमा परेका संस्थाले वैदेशिक रोजगारीमा जाने व्यक्तिको स्वास्थ्य परिक्षण गर्न पाउँदैनन । यस वर्ष कुल ४९ स्वास्थ्य संस्थाले नविकरण भई स्वास्थ्य परीक्षण गर्ने अनुमती पाएकाछन् । नविकरण भएका स्वास्थ्य संस्थाको पूर्ण सुची तलको लिंकमा दिईएको छ ।

स्रोत: https://moless.gov.np/wp-content/uploads/2021/03/notice-of-health.pdf



के नेपाल आएका विदेशी पर्यटकले फेरी नेपालमा पनि पीसीआर परीक्षण गर्नुपर्दछ ?

कोभिड - १९ विरुद्धको खोप लगाएका र पीसीआर परीक्षणको प्रतिवेदन लिएर आएका पर्यटकले नेपाल आईसकेपछि सम्बन्धित एजेन्सी वा संस्थाको समन्वयमा आफ्नै खर्चमा पीसीआर परीक्षण गराई नतिजा नआएसम्म होटल क्वारेन्टाईनमा बस्नु पर्दछ । नतिजा नेगेटिभ आएपछि मात्र एजेन्सी मार्फत पदयात्रा वा पर्वतारोहणमा जान सक्नेछ । यसरी साथमा जाने नेपाली सहयोगीको कम्तीमा एक लाखको कोरोना बीमा अनिवार्य गरेको हुनुपर्दछ ।

स्रोत: https://dofe.gov.np/DetailPage.aspx/id/176/lan/ne-NP

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**
को बारेमा बुझ्न निःशुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सितैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| | साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|---|
| नेपाली | ३,३४,४५१ | ७१,१९३ | २६,००० | ४,०६,९१७ | २,२४,९०५ | १७,०५७ | ५००,००० | ३८,८६२ |
| संक्रमित | ४,०४,९७० | २,५६९८७ | १,६४,११० | १,९६,५८० | ४,९७,१५४ | १,८१,४३० | ३,७५,०५४ | १,१४,६४६ |
| नेपाली संक्रमित | ५,८०० | २,३५० | ४५१ | २८,२५० | ५,३५० | ३०० | २१०० | २९ |
| मृत्यु भएका नेपाली | ८८ | १२ (मृत्यु भएक नेपाली) | ३ | १८ | ३९ | १ | १ | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

Shramik Sanjal

## कतारमा कोरोना सम्बन्धी मापदण्ड पालना नगर्ने कारवाहीमा

कतारमा करोना भाईरसको संक्रमण बढ्दो क्रममा छ । कतार सरकारले यस सम्बन्धी नियम पालना नगर्नेलाई कडा कारवाही गरिरहेको छ । गत शनिबार मात्रै कतारमा स्वास्थ्य मापदण्ड पालना नगर्ने ३६२ जना कारवाहीमा परे ।
जस अन्तर्गत,

- ४ जना भन्दा बढि सवारी साधनमा यात्रा गर्ने ३ जना ।
- एतराज एप प्रयोग नगर्ने ४ जना ।
- सामाजिक दुरी कायम नगर्ने ७३ जना ।
- सार्वजनिक स्थलमा मास्क नलगाई हिड्ने २८२ जना ।

उनिहरुलाई सक्रामक रोगको मन्त्रिपरिषदको १९९० को कानुन नम्बर १७ बमोजिम सार्वजनिक अभियोजनको मुद्दा चलाइएको मन्त्रालयले जनाएको छ ।

**कुबेत:**

१. कुबेत सरकारले लामो समयदेखी घरेलु कामदारको लागी लगाएको रोक्का दुई पक्षिय सरकारको सम्झौता पछी खुल्ला गरेको छ। अब फिलिपिन्सबाट कुबेतमा घरेलु कामदारको लागि जाने बाटो खुलेको छ ।

२. भिषा स्टाटस गुमाएकाहरुले जरिवाना तिरेर वैधानिक भई भिषा लगाउने म्याद १५ मे सम्म बनाईएको छ । सरकारले दिएको यस्तो मौकालाई सदुपयो गर्न सकिएन भने पछी दु:ख झेल्नु पर्ने हुन्छ ।

**www.facebook.com/shramik.sanjal** बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

# $ फलो द मनी - खर्चको अर्थ

कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचारमा भएको खर्चको ताजा अपडेट (२०७७ पौष मसान्त सम्म)

**संघिय सरकार**
रु. ८ अर्ब ५९ करोड ९८ लाख

**प्रदेश सरकार**
रु. २ अर्ब ९२ करोड ३ लाख

**स्थानीय सरकार**
रु. ८ अर्ब १० करोड ६७ लाख

**दोहोरो खर्च**
रु १ अर्ब ४९ करोड ७० लाख

**दोहोरो खर्च कटाएर आउने जम्मा खर्च**
रु. १८ अर्ब १२ करोड ९८ लाख

स्रोत: https://cutt.ly/4lfYbPi

accountabilitylab NEPAL

# के गोबिन्दले न्यायिक उपचार पाउँदैनन ?




परिवारको आर्थिक अवस्था सुधार्नका निम्ति २०७४ जेष्ठ महिनाको अन्तिम साता वैदेशिक रोजगारीमा गएका गोबिन्द प्रसाद शर्मा हाल युएई स्थित रस अल खैमाको एक सरकारी अस्पतालमा भर्ना भएकाछन् । उनी एसओएस मेनपावरको सहयोगमा वैधानिक तरिकाले युएई पुगेका थिए । नेपालबाट सम्झौता गरे अनुसारको सेवा सुविधा कम्पनीबाट नपाएपछि कम्पनीबाट भागेर अन्तै काम गर्न पुगेका थिए । युएईको श्रमिक नियम अनुसार सम्बन्धित कम्पनीबाट भागेर लुकिछिपी काम गरेमा त्यसलाई गैरकानुनी करार गरिने प्रचलन छ । गैह्र कानूनी रुपमा बसेको थाहा पाएपछि परिवारका सदस्यले उनलाई घर फर्कन आग्रह गरिरहेका थिए । वैधानिक रुपमै बसेका भए उनी कोरोना महामारी सुरु हुनु भन्दा अगाडी नै नेपाल फर्किसकेका हुन्थे । तर, गैह्र कानूनी रुपमा बसेको भएर उनी लकडाउन पछि पनि घर फर्कन पाएनन् ।

त्यही बिच गोबिन्द सडक दुर्घटनामा परे । अवस्था निकै गम्भिर भयो । दुई महिनासम्म त उनी होसमै आएनन् । उनका साथीले परिवारलाई खबर त गरे तर, परिवारका सदस्यले उनीसँग कुरा गर्न सम्म सकेनन् । त्यसमाथी कोरोनाका कारणा सबैलाई अस्पतालले भेट्ने अनुमती नदिदा साथीहरुले पनि परिवारलाई नियमित खबर गर्न पाएनन् । यसले परिवारलाई झनै चिन्तित बनायो ।

अस्पताल भर्ना भएको दुई महिना पछि गोबिन्द होसमा आए । अहिले गोबिन्द सामान्य अवस्थामा आएपनि तत्काल नेपाल फर्किन सक्ने अवस्थामा छैनन् । उनको उपचार बापत युएईको १ लाख दिरहाम जति अस्पताललाई बुझाउनु पर्ने छ । युएईमा रहेको नेपाली दुतावासले पनि उपचार खर्च गाडी चालक मार्फत भुक्तानी हुने भनिएको भए पनि प्रकृया निकै लामो हुन सक्ने बताएको छ । दुतावासले नेपालबाट आवश्यक पहल गरे प्रकृया चाँडो हुने पनि परवारलाई जानकारी गराएको छ ।

गोबिन्दको कथा त एउटा प्रतिनिधी कथा मात्र हो । उनिजस्तै हजारौं नेपालीहरु अवैधानिक रुपमा लुकिछिपी विदेशमा बसेर काम गरिरहेकाछन् । जब उनिहरु कानूनी जटिलतामा फस्दछन् अनि मात्र उनिहरुको समस्या बाहिर आउँछ । के गोबिन्द जस्तै व्यक्तिको लागि वैकल्पिक न्यायिक उपचारको बाटो खोज्ने काम सरकारको हैन ?

# रेडियो कार्यक्रम पद्धती

## रेडियो कार्यक्रम पद्धती
### संरचना सबैका लागि

रेडियो कार्यक्रम प्रसारणको रेकर्ड तपाईले
YouTube र Soundcloud मा पनि सुन्न सक्नुहुनेछ ।

Civic Action Teams

https://soundcloud.com/accountability_lab

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs